


वर्ष ४६ | अङ्क २ | कात्तिक २०७८ | अक्टोबर-नोभेम्बर २०२१

# एकीकृत निर्देशन, २०७७ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७७' मा संशोधन तथा परिमार्जन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले असोज २५ गते एक परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ।

संशोधित व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले पुँजीकोषको विवरण प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणका आधारमा तोकिएको ढाँचामा तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई राष्ट्र बैंकको रिपोर्टिङ पोर्टलमार्फत प्रत्येक महिना समाप्त भएको सात दिनभित्र पठाउनुपर्ने व्यवस्था गरिएको छ। यसअघि यो अवधि १५ दिन तोकिएको थियो।

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकबाट जारी गरिएको Internal Capital Adequacy Assesment Process (ICAAP) Guidelines पालना गर्नुपर्ने व्यवस्था गरिएको छ। यसअघि वाणिज्य बैंक र राष्ट्रिय स्तरका विकास बैंकको निम्ति उक्त मापदण्ड निर्धारण गरिएको थियो। यसै गरी, ऋणीले पेस गरेको लिखित कार्ययोजनामा कर्जासम्बन्धी कागजात तथा सुरक्षण पर्याप्त भएको प्रमाण, कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएको आधार र कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेस हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा २५ प्रतिशत ब्याज रकम असुलउपर भएको अवस्थामा कर्जालाई पुनरतालिकीकरण वा पुनर्संरचना गर्न सकिने व्यवस्था गरिएको छ। साथै कर्जा पुनरतालिकीकरण वा पुनर्संरचना गरिएका स्पष्ट आधारहरू प्रत्येक कर्जा फाइलमा संलग्न हुनुपर्ने र पुनरतालिकीकरण वा पुनर्संरचना गर्दा असुल हुन बाँकी ब्याजलाई पुँजीकरण गर्न नपाइने प्रावधान राखिएको छ।

घर/जग्गा धितो राखी यस्तो कर्जा प्रवाह गर्दा कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात काठमाडौं उपत्यकाभित्र बढीमा ४० प्रतिशत र अन्य स्थानको हकमा बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नुपर्नेछ। बैंक तथा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन तहको पदाधिकारी हुनुपूर्व लिएको कर्जाको हकमा भुक्तानी अवधि वा एक वर्षमध्ये जुन पहिले हुन्छ सो अवधिभित्र नियमित गरिसक्नुपर्ने व्यवस्था राखिएको छ।

एक वर्षभन्दा बढी अवधिको लागि प्रवाह भएको कर्जा असुलीको लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारबाही सुरु गर्नुअघि कर्जाले भाखा नाघेको कम्तीमा छ महिना व्यतित भई कम्तीमा शङ्कास्पद वर्गमा वर्गीकरण भएको हुनुपर्नेछ। ब्याज पुँजीकरणका लागि बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरी कर्जाको पहिलो किस्ता प्रदान गरेको ३० दिनभित्र राष्ट्र बैंकमा पुँजीकरणका लागि निवेदन पेस गर्नुपर्ने व्यवस्था राखिएको छ।

विश्वव्यापी कोभिड-१९ को महामारीबाट अर्थतन्त्रका विभिन्न क्षेत्रमा परेको प्रभाव र त्यसबाट वित्तीय क्षेत्रमा पर्नसक्ने असर तथा उद्योग व्यवसायको पुनरुत्थानमा लाग्न सक्ने समय आदिको अध्ययनका आधारमा प्रभावित क्षेत्रको सूचीमा निजी शैक्षिक संस्था, यातायात स्थल यातायात, ब्युटी पार्लर, सैलुन, कस्मेटिक सर्जरीलगायतका सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप, कानुनी, लेखा, इन्जिनियरिङलगायतका परामर्श सेवा वा व्यवसाय र हेल्थ सेन्टर वा फिट्नेस सेन्टरलाई समेत समेटिएको छ।

आफू र इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको बीचमा भएको वा हुने कुनै सर्त बन्देजको सम्बन्धमा हुने छलफलमा कुनै व्यक्तिले सेयरधनीको हैसियतबाट आफैं वा आफ्नो प्रतिनिधिद्वारा साधारण सभामा भाग लिन र मतदान गर्न नपाउने व्यवस्था राखिएको छ। संस्थापक समूहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङलगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभावसमेतलाई विचार गरी एक पटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ व्यवस्था राखिएको छ।

बैंक तथा वित्तीय संस्थाले महानगरपालिका र उप-महानगरपालिकामा शाखा कार्यालय खोल्न राष्ट्र बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ। शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोल्दा कारोबार सुरु गरेकै दिन उक्त शाखा तथा एक्सटेन्सन काउन्टरसम्बन्धी विवरण राष्ट्र बैंकको रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नुपर्ने प्रावधान थप गरिएको छ। कुनै सरकारी निकायमार्फत हुने सरकारी कारोबारलाई लक्षित गरी एक्सटेन्सन काउण्टर स्थापना गर्दा उक्त सरकारी निकाय जुनसुकै तहको पालिकामा रहे तापनि राष्ट्र बैंकको बैंकिङ विभागबाट पूर्व सहमति लिनुपर्नेछ। बैंक तथा वित्तीय संस्थाले काठमाडौं उपत्यका र महानगरपालिकामा एक्सटेन्सन काउण्टर खोल्न राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने व्यवस्था थपिएको छ।

बैंक तथा वित्तीय संस्था प्रदेशमा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा नयाँ व्यवस्था राखिएको छ। जसअनुसार कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा सम्पर्क कार्यालय खोल्न राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने छैन। सम्पर्क कार्यालय खोलिएको जानकारी १५ दिनभित्र बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्वन्धित सुपरिवेक्षण विभागमा दिनुपर्नेछ। सम्पर्क कार्यालयलाई निक्षेप र कर्जासम्बन्धी कारोबार गर्न रोक लगाई वित्तीय साक्षरता

अभिवृद्धि गर्ने र वित्तीय सेवा विस्तारमा टेवा पुऱ्याउने क्रियाकलापमा केन्द्रित रहन निर्देशन दिइएको छ ।

१० वर्षदेखि शून्य मौज्दात रही कारोबार नभएका खाताहरू इजाजतपत्रप्राप्त संस्थाले सार्वजनिक सूचना प्रकाशन गरी बन्द गर्न सक्ने र यस्तो खाताको विवरण बैंकको वेबसाइटमा उपलब्ध हुनुपर्ने व्यवस्था राखिएको छ । बैंक तथा वित्तीय संस्थाले स्रोत परिचालनमा गणना हुने गरी ऋणपत्र जारी गरेमा भुक्तानी कोषमा रकम जम्मा गर्न अनिवार्य नहुने प्रावधान राखिएको छ ।

बैंक तथा वित्तीय संस्थाले ऋणपत्र जारी गर्दा नै पुँजीकोषको अङ्गको रूपमा रहने वा स्रोत परिचालनमा गणना हुने व्यहोरा स्पष्ट रूपमा खुलाउनु पर्नेछ । यसअघि जारी गरिएका वा राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी जारी हुने प्रक्रियामा रहेका ऋणपत्रलाई सोही बमोजिम छुट्याउनुपर्नेछ । एक पटक ऋणपत्रको वर्गीकरण गरेपछि पुनःपरिवर्तन गर्न पाइने छैन । नयाँ व्यवस्थामार्फत बैंक तथा वित्तीय संस्थाले निक्षेप सङ्कलन तथा व्यवसाय विस्तार गर्ने उद्देश्यले वित्तीय ग्राहकलाई कुनै पनि किसिमको उपहार, चिट्ठा, प्रतियोगिता, पुरस्कारलगायतका कार्यक्रम सञ्चालन रोक लगाइएको छ ।

बैंक तथा वित्तीय संस्थाहरू गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रियालाई प्रोत्साहन गर्न थप सहुलियतको व्यवस्था गरिएको छ । जसअनुसार गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति दिइसकिएको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रूपमा पदपूर्ति गरिसक्नुपर्ने व्यवस्थामा छुट प्रदान गर्न सकिने व्यवस्था राखिएको छ । वाणिज्य बैंकहरू एकआपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यकाबाहेकका महानगरपालिका र उप-महानगरपालिकामा २०८० असार मसान्तसम्म शाखा कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनुपर्ने छैन । यसै गरी, वाणिज्य बैंकहरू एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यकाबाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याएपश्चात् २०८० असार मसान्तसम्म

**नेपाल राष्ट्र बैंक**

बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/४/०७८/७९

मिति: २०७८/०६/२५

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल विजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

काठमाडौं उपत्यकामा एक शाखा खोल्न यस बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको छ ।

२०७९ असार मसान्तभित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया सम्पन्न गरी एकीकृत कारोबार गर्नेगरी दुई वा दुईभन्दा बढी वाणिज्य बैंकहरू एकापसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भएमा एक पटकका लागि ६५ वर्ष उमेर नाघेको व्यक्ति बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त/पुनः नियुक्त हुन बाधा नपर्ने व्यवस्था राखिएको छ । राष्ट्र बैंकबाट तोकिएको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थान, पब्लिक लिमिटेड कम्पनी, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत सञ्चालित कोषहरूको निक्षेपको अंश प्रति संस्था १० प्रतिशत बिन्दुले थप गरिने प्रावधान राखिएको छ । वाणिज्य बैंकहरू एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा यस बैंकबाट तोकिएको न्यूनतम २५ प्रतिशत बराबर ऋणपत्र जारी गर्नुपर्ने समयावधि २०८० असार मसान्तसम्म थप हुनेछ । यसै गरी, गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गर्ने संस्थाको हकमा एकभन्दा बढी प्रदेशमा समेत शाखा कार्यालय खोली सञ्चालनमा रहेका वित्तीय संस्थाले २०७७ असारभित्र उक्त शाखा बिक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो

सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरी सक्नुपर्ने व्यवस्थाको समयावधि २०८० असार मसान्त कायम गरिएको छ।


बैंक तथा वित्तीय संस्थाले आफ्ना इन्टरनेट बैंकिङ तथा मोबाइल एप्लिकेसनमा कर्जा एवम् निक्षेपको ब्याजदर प्रष्ट देखिने व्यवस्था मिलाउन राष्ट्र बैंकले निर्देशन दिएको छ। वित्तीय संस्थाको कोर बैंकिङ सिस्टममा ग्राहकको कारोबारको विवरण प्रविष्टि गर्दा सो कारोबारको विवरण स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने र यस लागि अल्फा न्यूमेरिक कोडको प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्थाले अपाङ्गता भएका व्यक्तिलाई एटीएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता वित्तीय सेवाहरू व्यक्ति स्वयम्ले उक्त सेवा उपयोग गर्न सक्षम रहेको यकिन गरेर मात्रै उपलब्ध गराउन निर्देशन दिइएको छ। बैंक तथा वित्तीय संस्थाले ग्राहकको गुनासो सुनुवाईका लागि आफ्नो वेबसाइटमा अनलाइन पोर्टलको समेत व्यवस्था गर्नुपर्नेछ र पोर्टलमा कुन तहबाट गुनासो सम्बोधन हुने हो सोको जानकारी समेत उपलब्ध गराउनु पर्नेछ। बैंक तथा वित्तीय संस्थाले एकतर्फी रूपले ग्राहकको अनुमति विना कुनै पनि प्रकारको वित्तीय सेवा उपलब्ध गराउन पाउने छैनन्। ग्राहकको अनुमति विना उपलब्ध गराइएका त्यस्ता सेवावापत कुनै सेवा शुल्क लिएमा १० प्रतिशत थप गरी ग्राहकको खातामा जम्मा गर्नुपर्ने व्यवस्था थप गरिएको छ।

## अध्यक्ष श्रेष्ठद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण

हिमालयन बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७७ असोज १९ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ। भर्चुअल माध्यममा आयोजित शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष श्रेष्ठलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो।

हिमालयन बैंक लिमिटेड सञ्चालक समितिको असोज १३ गते बसेको ४११ औं बैठकले श्रेष्ठलाई अध्यक्ष चयन गरेको थियो। उहाँको कार्यकाल चार वर्षको हुनेछ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।




## 'नेपालका आधुनिक मुद्राहरू : एक समीक्षा' पुस्तक प्रकाशित

मुद्रा व्यवस्थापन विभागमा कार्यरत कर्मचारी श्याम खतिवडाद्वारा लिखित 'नेपालका आधुनिक मुद्राहरू: एक समीक्षा' नामक पुस्तक प्रकाशन भएको छ।

पुस्तकमा नेपालमा मुद्राको ऐतिहासिक विकासक्रमसँगै हालसम्म निष्कासित मुद्रा (नोट र सिक्का) को सचित्र विवरण, मुद्रामा अङ्कित नेपालको प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक विशेषताबारे चर्चा गरिएको छ। साथै, जाली नोट, अन्य प्रकारका नोटका बारेमा समेत पुस्तकमा उल्लेख गरिएको छ। नेपालमा मुद्रा निष्कासनको ऐतिहासिक पृष्ठभूमिदेखि हालसम्मका आधुनिक मुद्राका अन्वेषणात्मक विवरणलाई उक्त पुस्तकमा समेटिएको छ।




पुस्तकमा संस्कृतिविद् सत्यमोहन जोशीसँगै गभर्नर महाप्रसाद अधिकारी, पूर्व गभर्नर, डेपुटी गभर्नरलगायतले शुभकामना सन्देश दिनुभएको छ। नेपालमा मुद्रा निष्कासनको विकासक्रमबारे रुची राख्नेहरूको निम्ति उक्त पुस्तक संग्रहणीय सामग्री हुनसक्ने देखिएको छ।

# बैंकको 'चौथो रणनीतिक योजना २०२२-२०२६' तर्जुमासम्बन्धी अन्तरक्रिया




नेपाल राष्ट्र बैंकको 'चौथो रणनीतिक योजना २०२२-२०२६' तर्जुमा गर्ने सिलसिलामा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले असोज १ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना, सञ्चालक रामजी रेग्मीसँगै बैंकका उच्च अधिकारीहरूको उपस्थितिमा उक्त अन्तरक्रिया आयोजना गरिएको हो । विभागका का.मु. कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले चौथो रणनीतिक योजना २०२२-२०२६ तर्जुमा गर्ने सम्बन्धमा बैंकअन्तर्गतका विभाग, महाशाखा, इकाई, कार्यालयबाट सुझाव प्राप्त भएको उल्लेख गर्दै त्यसैका आधारमा रणनीतिक योजनाको तर्जुमा सुरु गरिएको जानकारी दिनुभयो । साथै उहाँले अन्तरक्रिया कार्यक्रमको औचित्य बारेमा समेत प्रकाश पार्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा चौथो रणनीतिक योजनाको प्रस्तावित Vision, Mission, Strategic Theme, Core Values, Strategic Direction, Strategic Pillars मा पुनरावलोकन र SWOT Analysis को निम्ति निम्ति आठ वटा समूहहरू गठन गरी छलफल गरिएको थियो। छलफलको दोस्रो चरणअन्तर्गत कार्यदलका सदस्य तथा निर्देशकहरूको सहजीकरणमा एउटै क्लस्टरमा रहेका दुई वटा समूहको सुझावलाई प्रस्तुतीकरणका लागि एकीकृत गरिएको थियो ।

कार्यक्रमको अर्को चरणमा प्रस्तुतीकरण तथा त्यसउपर विवेचना गरिएको थियो । समूह १ र २ को एकीकृत छलफलपश्चात् Strengths Cluster को प्रस्तुतीकरण भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेलले गर्नुभएको थियो । त्यस्तै, Weaknesses Cluster को समूह ३ र ४ को एकीकृत छलफलपश्चात् मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले प्रस्तुतीकरण गर्नुभयो भने Opportunities Cluster को समूह ५ र ६ तथा Threats Cluster को समूह ७ र ८ को प्रस्तुतीकरण क्रमश: विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक राजनविक्रम थापा र कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले गर्नुभएको थियो ।



सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले उक्त कार्यक्रमको आयोजनाबाट विभिन्न विभाग/कार्यालयबीचको समन्वय अझ प्रगाढ भई सबल योजनाको तर्जुमा र कार्यान्वयन प्रभावकारी हुने धारणा राख्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले प्रस्तावित रणनीति तथा रणनीतिक कार्यक्रम परिमार्जन गर्नसमेत सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यसबाट सम्बद्ध विभाग/कार्यालयले अपनत्व महसुस गर्ने र योजना कार्यान्वयनमा समेत टेवा पुग्ने बताउनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंकको दीर्घकालीन उद्देश्य प्राप्तिका निम्ति रणनीतिक योजना कार्यान्वयन गर्दै आएको उल्लेख गर्दै प्रस्तावित चौथो रणनीतिक योजना २०२२-२०२६ लाई नतिजामुखी, प्रभावकारी र समय सान्दर्भिक बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । यसै गरी, बैंकका सञ्चालक रामजी रेग्मीले चौथो रणनीतिक योजनाको तर्जुमा र प्रभावकारी कार्यान्वयनको सन्दर्भमा सुझाव राख्नुभयो ।

कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले स्वागत मन्तव्य राख्नुभयो भने का.मु.निर्देशक शरणकुमार अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा अनुशिक्षण सम्पन्न




पोखरा कार्यालयले २०७८ असोज १५ गते 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

पोखरा कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईको अध्यक्षता र बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक मीना पाण्डेको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्यविकास निर्देशनालय, पोखरा उद्योग वाणिज्य संघ, पोखरा पर्यटन परिषद्, पश्चिमाञ्चल होटल संघ, पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी, पोखरा बस यातायात, पोखरेली ट्याक्सी सेवा, खुद्रा व्यापार संघ पोखरा, अधिकृत विक्रेता संघ, अगुवा कृषक, युवा उद्यमी र बैंक तथा वित्तीय संस्थाकाप्रतिनिधि गरी ४९ जनाको सहभागिता थियो ।

सो अवसरमा निर्देशक पाण्डेले 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । साथै उहाँले सहभागीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

कार्यक्रमका विशेष अतिथि एवम् पृथ्वीनारायण क्याम्पस, अर्थशास्त्र विभागका प्रमुख प्रा. डा. लेखनाथ भट्टराईले सहुलियतपूर्ण कर्जा र पुनरकर्जाको आवश्यकता तथा कार्यान्वयनका सन्दर्भमा तेस्रो पक्षबाट अनुसन्धान हुनुपर्ने सुझाव दिनुभयो । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले अवलम्बन गर्ने नीतिहरू अनुसन्धानमा आधारित हुनुपर्ने उहाँको भनाइ थियो ।

सो अवसरमा अधिकांश साना व्यवसायीले पुराना व्यवसायीले मात्रै सहुलियतपूर्ण कर्जामा पहुँच पाएको उल्लेख गर्दै नयाँ व्यवसायीमा समेत यस्तो कर्जाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । कार्यक्रममा कृषि विकास निर्देशनालय, पोखराका प्रमुख वासु रेग्मी, बैंकर्स संघ गण्डकी प्रदेश कमिटीका सचिव समिर केसीलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा निर्देशक ईश्वरीप्रसाद भट्टराईले सहुलियतपूर्ण कर्जा, पुनरकर्जाजस्ता विशेष प्रकृतिका कर्जालाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा पोखरा कार्यालयक उप-निर्देशक प्रतिभा अधिकारीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । प्रधान सहायक जितेन्द्रराज शाक्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा ज्ञान आदानप्रदान कार्यक्रम



नेपालगञ्ज कार्यालयले भदौ २१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाको अध्यक्षतामा आयोजित कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका निर्देशक रमेश आचार्यले 'विदेशी विनिमय व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा उहाँले विदेशी विनिमय व्यवस्थापनसँग सम्बन्धित मौजुदा कानुनी तथा नीतिगत व्यवस्था, विदेशी मुद्रा कारोबारका क्रममा अपनाउनुपर्ने सजगकताका विषयमा जानकारी दिनुभयो । साथै उहाँले सहभागीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो । कार्यक्रममा नेपालगञ्ज कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

# नेपालगञ्जमा अन्तरक्रिया कार्यक्रम सम्पन्न



नेपालगञ्ज कार्यालयले असोज ४ गते समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका अधिकारीहरूसँगै बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाले सर्वसाधारणलाई सहज रूपमा नयाँ नोट सटहीको व्यवस्था मिलाउन आग्रह गर्नुभयो । साथै उहाँले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक राहुल कनोजियाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# महेन्द्रनगरमा अनुशिक्षण सम्पन्न



धनगढी कार्यालयले असोज १७ गते कञ्चनपुरको महेन्द्रनगरमा 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा अनुशिक्षण कार्यक्रम' आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रादेशिक प्रमुख, वित्तीय संस्थाका प्रतिनिधि, कञ्चनपुर उद्योग वाणिज्य संघका प्रतिनिधि, होटल तथा पर्यटन व्यवसायी संघका प्रतिनिधिसहित ६० जनाको सहभागिता थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जासम्बन्धी नीतिगत व्यवस्था, कार्यान्वयनको अवस्था, सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिका व्यवस्था, सहुलियतपूर्ण कर्जाको उद्देश्य, धितोसम्बन्धी व्यवस्था, व्याज अनुदानसम्बन्धी व्यवस्था, कर्जाका लागि योग्यता एवम् सर्तसम्बन्धी व्यवस्था, कर्जा प्रवाह हुने क्षेत्रहरू, कर्जा चुक्ता नगरेमा हुने कारबाही, पुनरकर्जासम्बन्धी विद्यमान व्यवस्था र यसको वर्तमान अवस्थालगायत सहुलियतपूर्ण कर्जा र पुनरकर्जा कार्यान्वयनको चुनौतीका बारेमा प्रकाश पार्नुभयो ।

कार्यक्रममा कञ्चनपुर उद्योग वाणिज्य संघका र डेरी एसोसिएसनका अध्यक्ष, वाणिज्य बैंकका प्रादेशिक कार्यालयका प्रमुखलगायत अन्य सहभागी उद्योगी व्यवसायीले आ-आफ्नो विचार तथा जिज्ञासा राख्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासाको सम्बोधन निर्देशक पण्डितले गर्नुभएको थियो ।

सो अवसरमा धनगढी कार्यालयका निर्देशक घिमिरेले सहभागीलाई धन्यवाद ज्ञापन गर्दै सहुलियतपूर्ण कर्जा र पुनरकर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका निम्ति बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिँदै उक्त कार्यक्रमबाट अधिकतम लाभ लिन उद्योगी/व्यवसायीलाई सुझाव दिनुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक मधुसूदन दवाडीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक तुलसा ओझाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## बढुवा

बैंकको प्रशासन सेवातर्फ रिक्त रहेको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) रिक्त पदमा का.मु. कार्यकारी निर्देशकद्वय दयाराम शर्मा पंगेनी र तुलसीप्रसाद घिमिरे बढुवा हुनुभएको छ । कार्यकारी निर्देशकद्वय पंगेनी र घिमिरे क्रमश: संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग र जनशक्ति व्यवस्थापन विभागमा कार्यरत हुनुहुन्छ ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई बधाई ज्ञापन गर्दछ ।

# वित्तीय साक्षरताः समसामयिक विश्लेषण

✍ डा. रमेश चौलागाई
उप-निर्देशक, नेपाल राष्ट्र बैंक



## परिचय

शिक्षा हरेक मानिसको आँखाको ज्योतीका साथै देश विकास र परिवर्तनको पूर्वाधार पनि हो । हरेक व्यक्ति, समाज र देशले शिक्षामा उपयोग गर्ने रकम खर्च नभई सामाजिक पूर्वाधारमा गर्ने लगानी हो । शिक्षा र मानिसको सम्बन्धलाई अझ बलियो, समसामयिक र प्रभावकारी बनाउन साधारण, विशिष्टीकृत र व्यावसायिक शिक्षामा कार्यात्मक शिक्षा (Functional Education) को पाटोलाई थप गर्न आवश्यक देखिएको छ । वित्तीय शिक्षा कार्यात्मक शिक्षाको एक प्रमुख अङ्ग हो । शिक्षा प्रणालीलाई सैद्धान्तिक, सीपमूलक र व्यावहारिक शिक्षाका रूपमा ग्रहण गर्ने हो भने कार्यात्मक शिक्षा कुनै नौलो र चामत्कारिक शिक्षाको अवधारणा भने होइन । शिक्षा एक पद्धति हो भने साक्षरता मानिसको ज्ञान र क्षमता वा खुवी हो । शिक्षा माध्यम हो भने साक्षरता परिणाम हो । शिक्षा साक्षरताको प्रमुख स्रोत हो भने साक्षरता शिक्षाको तात्कालिक परिणाम हो । शिक्षालाई व्यवहारमा अनुभव गर्न सकिन्छ भने साक्षरतालाई मापन पनि गर्न सकिन्छ । यद्यपि, शिक्षा र साक्षरता दुवै न प्रस्थान बिन्दु हुन् न मानिसको साध्य नै । यो त हामी सवैलाई जुनै बखत आवश्यक भइरहने, सबैले कुनै न कुनै रूपमा प्रयोगमा ल्याइरहेको र सम्भवतः ग्रहण गरिरहेको ज्ञानको नयाँ बुझाइ मात्र हो । कार्यात्मक शिक्षालाई केही हदसम्म साविक ज्ञानको व्यावहारिक परिभाषाभन्दा पनि धेरै फरक पर्दैन । यस लेखमा वित्तीय शिक्षा र साक्षरताको आधारभूत चर्चासँगै अबको वित्तीय साक्षरता कस्तो हुन आवश्यक छ भन्ने बारेमा चर्चा गरिएको छ ।

## वित्तीय साक्षरता के, किन र कसलाई ?

वित्तीय साक्षरतामा दुईवटा पक्षहरू रहेका छन्ः वित्त र साक्षरता । सामान्य अर्थमा वित्त भन्नाले नगद वा आम्दानीको प्राप्ति, बचत, ऋण, खर्च




व्यवस्थापन आदिलाई जनाउँछ । अलि व्यापक अर्थमा, वित्तअन्तर्गत वित्तीय प्रणाली, सचेत (Conscious) वित्तीय ग्राहक, आलोचनात्मक चेतना (Critical Consciousness) सहितका वित्तीय उपभोक्ताहरू र वित्तीय साधन स्रोतमा सबैको समान पहुँचका साथै समावेशीकरणको कुरासमेत समावेश गरिन्छ । वित्तीय साक्षरतामा मानिसका वित्तीय ज्ञान, सीप, दृष्टिकोण र व्यवहार पर्दछन् । वित्तीय शिक्षा नै वित्तीय साक्षरताको प्रमुख स्रोत हो भने असल र प्रभावकारी वित्तीय व्यवहारका माध्यमबाट वित्तीय समृद्धि यसको लक्ष्य हो । यद्यपि, वित्तीय साक्षरताका अन्य स्रोतमा कार्य-अनुभव, परिवार, साथी-सङ्गी, साक्षरताको तालिम प्रदायक संस्थाहरू, कार्यसमुदाय (Community of Practice), सामाजिक संस्था, शिक्षालय, पाठ्यक्रम, आमसञ्चारका माध्यम, सामाजिक सञ्जाल, वित्तीय सेवाप्रदायक संस्था आदि पर्दछन् । वित्तीय शिक्षा एक व्यक्ति विशेष, समयसापेक्ष, स्थान विशेष र परिवर्तनशील विषय हो । हरेक व्यक्तिलाई समानस्तरको वित्तीय साक्षरता आवश्यक नहुन सक्छ । व्यक्तिको बसोबासको भूगोल, उमेर, लिङ्ग, पेसा, शैक्षिक स्तर, भाषा तथा जातीय आधार, वैवाहिक अवस्था, देशको कानुन आदिले वित्तीय साक्षरतालाई प्रभाव पार्ने देखिएको छ । वित्तीय साक्षरता व्यक्ति विशेषमा फरकफरक रूपमा आवश्यकताको विषय हो । वैदेशिक रोजगारीमा संलग्न व्यक्ति, नीति निर्माता, राजनीतिकर्मी, विद्यार्थी, पेसाकर्मी, उद्योगी तथा व्यवसायी, बैंक तथा वित्तीय संस्थाका सञ्चालक, कर्मचारी, गृहिणी, आम उपभोक्ता, शैक्षिक जनशक्ति, कूटनीतिक व्यक्ति, सुरक्षाकर्मी, बेरोजगार, न्यून आय भएका र पिछडिएका अल्पसंख्यक, द्वन्द्वपीडित, अपाङ्ग, जेष्ठ नागरिक आदि सबैलाई आधारभूत रूपमा केही समान तर समयसापेक्ष रूपमा फरक प्रकृतिको वित्तीय साक्षरताको आवश्यकता पर्दछ ।

आधारभूतस्तरको वित्तीय साक्षरताको अभावमा कतिपय मानिसले विभिन्न प्रकारका कष्ट व्यहोरिरहेका हुन्छन् धेरै मानिसलाई वित्तीय उपकरणका रूपमा उपलब्ध बचत र निक्षेपका प्रकार, बचत तथा कर्जाका ब्याजदर र सेवाशुल्क, सेयर, आयकर, पुँजीगत लाभकर, बचतपत्र, बीमा, विप्रेषण र आधुनिक भुक्तानी प्रणालीअन्तर्गतका सरल वित्तीय सेवाहरू आदि बारेमा न्यूनतम जानकारी छैन । त्यस्तै, धेरै मानिसहरू आफ्नो आम्दानीको कति हिस्सा उपभोग्य खर्च गर्ने, ब्याज आय र उपभोग्य खर्च गणना गर्ने, आम्दानीबाट कर्जा र पुरानो बक्यौता रकम तिरोभरो गर्ने कति रकम बचत गर्ने भनी कुनै योजना बनाउन अनभिज्ञ देखिन्छन् । वित्तीय ज्ञान र सीप अभिवृद्धि, वित्तीय निर्णय क्षमता र त्यसले एक व्यक्तिमा ल्याउने वित्तीय व्यवहारको परिवर्तनको एकीकृत रूप नै वित्तीय साक्षरता हो। परिवर्तित वित्तीय व्यवहारले व्यक्तिको आर्थिक समृद्धिमा सकारात्मक प्रभाव पार्दछ ।

### वित्तीय साक्षरताले समेट्ने क्षेत्र

वित्तीय साक्षरताले समेट्ने पहिलो र आधारभूत विषय वित्तीय ज्ञान हो । वित्तीय जानकारी, सूचना, चेतना, पहिचान र अवधारणाको समुच्च रूप नै वित्तीय ज्ञान हो । तर, वित्तीय ज्ञान के को, कति, कसका लागि र के का लागि भन्ने प्रश्न यस सन्दर्भमा बढी महत्वपूर्ण रहने गर्दछ। त्यसैले वित्तीय ज्ञान जहिले पनि सापेक्षित, तुलनात्मक र परीवर्तनशील चर हो। कसका लागि के कुराको कति वित्तीय ज्ञान आवश्यक पर्दछ भनी वैज्ञानिक ढङ्गले मापन गर्न कठिन पर्छ । खासगरी वित्तीय उपकरण (बचत, ऋण, विप्रेषण, बीमा, लगानी आदि), वित्तीय प्रणाली तथा बजार, वित्तीय जोखिम, वित्तीय लाभहानीको आँकलन र त्यसको सुरक्षा योजना, वित्तीय योजना आदिको जानकारी र महसुस हुनु भनेको वित्तीय ज्ञान हो । वित्तीय साक्षरताको दोस्रो पक्ष वित्तीय दक्षता, निर्णय क्षमता, वित्तीय गणना वा अङ्कगणितीय ज्ञान र सीप र वित्तीय योजना निर्माण गर्नसक्ने खुबी हो । वित्तीय ज्ञान र सीप एकार्काका परिपूरक चरहरू हुन् ।

वित्तीय ज्ञान र सीप मानिसले सिक्ने वा प्राप्त गर्ने कुरा हुन् । यी दुवै उपलब्ध भएर पनि यदि मानिस सो बमोजिमको व्यवहार, आचरण र परिवर्तन चाहँदैन भने पनि साविक अवस्थामा परिवर्तन सम्भव हुँदैन । त्यसैले परिवर्तन र उपलब्ध ज्ञान सीपको उपयोगप्रति व्यक्ति स्वयम् कस्तो धारणा राख्छ भन्ने कुराले महत्व राख्छ। वित्तीय ज्ञान र सीपसँगै मानिसको वित्तीय अवधारणा, आचरण, सोच र प्रवृत्ति सकारात्मक, विवेकशील र परिवर्तनउन्मुख हुन जरुरी छ । वित्तीय ज्ञान, सीप र विवेकशीलता भएर पनि केही व्यक्तिको वित्तीय व्यवहार निष्क्रिय, अनियमित र अपरिपक्व हुने गर्दछ । वित्तीय व्यवहारअन्तर्गत आर्थिक दायित्वको नियमित र यथोचित भुक्तानी, आम्दानीको योजनाअनुसार खर्च तथा बचत, प्राप्त वित्तीय ज्ञान र सीपको समयोचित उपयोग आदि कुराहरू पर्दछन् । सारमा, वित्तीय शिक्षाले वित्तीय ज्ञान र सीप वृद्धिमा सकारात्मक भूमिका खेल्छ। वित्तीय साक्षरतालाई आधारभूत रूपमा वित्तीय ज्ञान र सीपको एकीकृत रूपमा पनि बुझिन्छ। वित्तीय साक्षरताले वित्तीय अवधारणा र व्यवहारमा सकारात्मक प्रभाव पार्ने गर्दछ । मानिसमा रहेको वित्तीय साक्षरताबाट वित्तीय अवधारणा र व्यवहारमा सकारात्मक प्रभाव पारेमा त्यसले व्यक्तिको आर्थिक सम्वृद्धिमा उल्लेखनीय भूमिका खेल्नसक्छ ।

> **वित्तीय शिक्षा एवम् जानकारीको दायरा बैंक वित्तीय संस्थाका ग्राहक र सेवा प्रदायकहरूमा मात्र सीमित रहँदैन । वित्तीय जानकारी एवम् शिक्षा सबै तह, क्षेत्र, व्यवसाय र उमेरका मानिसलाई अनिवार्य देखिएको छ ।**

### वित्तीय साक्षरताको आगामी मार्गचित्र

हाम्रो जस्तो विकासोन्मुख मुलुकमा वित्तीय साक्षरताले आर्थिक समावेशितालाई बढावा दिँदै समावेशी आर्थिक वृद्धि हासिल गर्न सघाउने, वित्तीय सेवामा सबैको औचित्यपूर्ण पहुँच वृद्धि गर्ने, स्वरोजगारी वृद्धिका लागि उद्यमशीलताको विकास र प्रवर्धनमा जोड दिने, वित्तीय ग्राहकको हित संरक्षणमा योगदान दिने, व्यक्तिगत वित्तसम्बन्धी नीति निर्माण तथा तर्जुमामा सहयोग गर्नेतर्फ उपयोग गर्न आवश्यक छ । साथै, वित्तीय साक्षरतासम्बन्धी सम्पूर्ण सरोकारवालाबीच समन्वय र सहकार्य स्थापना गर्ने, डिजिटल वित्तीय सेवा प्रवाहमा जोड दिने, वित्तीय उपभोक्ताको सशक्तीकरणमार्फत समग्र वित्तीय स्थायित्वमा जोड दिने, वित्तीय क्षेत्रमा विकास भएका प्राविधिक उपकरणको उपयोग गर्न सघाउने, सचेत, सक्रिय र आलोचक वित्तीय सेवाग्राही विकास गर्न मद्दत गर्ने, वित्तीय अपराध र सम्पत्ति शुद्धीकरण नियन्त्रणमा उपयोग गर्ने, प्रभावकारी भुक्तानी प्रणाली र वित्तीय सेवालाई सबै व्यक्तिको वित्तीय अधिकारका रूपमा स्थापित गराउनेतर्फ वित्तीय साक्षरतालाई उपयोगमा ल्याउनुपर्दछ ।

### निष्कर्ष

वित्तीय साक्षरता वित्तीय र शैक्षिक क्षेत्रको साझा विषय हो । वित्तीय साक्षरतालाई वित्तीय चेतना र सीप, वित्तीय शिक्षा, व्यक्तिगत/पारिवारिक अर्थशास्त्र वा वित्त, व्यक्तिगत वित्त, वित्तीय क्षमता, आम्दानी खर्च व्यवस्थापन शिक्षा र उपभोक्ताको हित संरक्षण शिक्षा आदिका नामले पनि चिनिने गर्छ। वित्तीय साक्षरता एक समयसापेक्ष, परिवर्तनशील र स्थान विशेषमा फरक पर्नसक्ने तुलनात्मक विषय हो । वित्तीय शिक्षाले बदलिँदो परिस्थितिमा वित्तीय समावेशी, वित्तीय सेवाग्राहीको संरक्षण र वित्तीय पहुँचसँग प्रत्यक्ष सम्बन्ध राख्छ। यी दुवै कुराहरू 'सबैका लागि वित्तीय सेवा' सँग सम्बन्धित छ। वित्तीय शिक्षा एवम् जानकारीको दायरा बैंक वित्तीय संस्थाका ग्राहक र सेवा प्रदायकहरूमा मात्र सीमित रहँदैन । यो त वित्तीय शिक्षाको एउटा पाटो मात्र हो । वित्तीय जानकारी एवम् शिक्षा सबै तह, क्षेत्र, व्यवसाय र उमेरका मानिसलाई अनिवार्य देखिएको छ । वित्तीय शिक्षालगायत धेरै प्रकारका व्यावहारिक शिक्षाको माध्यमबाट समाजमा व्याप्त अन्योल, व्यक्तिमा रहेको ज्ञानको अपुरो पाटोलाई यथोचित पूरा गराउनुपर्ने देखिन्छ। त्यसका लागि समाजमा कायम रहेको शिक्षाको सैद्धान्तिक तथा परम्परागत दृष्टिकोणमा यथोचित परिवर्तनका साथै समसामयिक शिक्षा नीति, योजना र कार्यक्रममा व्यापक सुधार, परिवर्तन र रूपान्तरणको आवश्यकता छ ।

# धनगढीमा वित्तीय संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया

धनगढी कार्यालयले असोज १९ गते विकास बैंक तथा वित्त कम्पनीका प्रमुखहरूसँग बैकिङ सेवा सञ्चालनको विद्यमान अवस्था एवम् समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका वित्तीय संस्थाका शाखा प्रमुख र धनगढी कार्यालयका कर्मचारीसहित करिब २५ जनाको सहभागिता थियो । सो अवसरमा वित्तीय संस्थाका प्रतिनिधिले कर्जा प्रवाह गर्दा कतिपय स्थानमा सरकारी मूल्याङ्कनभन्दा चलनचल्तीको दर कम रहेकोले धितोको मूल्याङ्कनमा समस्या रहेको तथा कर्जा स्वापको क्रम बढेका कारण समस्या निम्तिएको जानकारी गराउनुभएको थियो । यसै गरी, सहुलियतपूर्ण कर्जा माग बढेता पनि ग्राहकले आवश्यक प्रक्रिया पूरा नगरी सोझै रकम निकासा लिन खोज्ने प्रवृत्ति बढेको उहाँहरूको धारणा थियो ।



कार्यक्रममा निर्देशक घिमिरेले कोभिड-१९ ले आर्थिक क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकले लिएका नीतिसँगै सहुलियतपूर्ण कर्जा, पुनरकर्जा, व्यवसाय निरन्तरता कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो । साथै, उहाँले वित्तीय संस्थाले वित्तीय ग्राहक संरक्षणप्रति विशेष ध्यान दिँदै विद्युतीय भुक्तानीलाई प्रवर्द्धन गर्न ध्यानाकर्षण गराउनुभयो । कार्यक्रममा धनगढी कार्यालयका उपनिर्देशकहरू सुशील ज्ञवाली, राकेश प्रजापति र मधुसूदन दवाडीले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा तीनवटा तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७८ असोज महिनामा तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले भदौ २७ देखि असोज १ गतेसम्म 'Procurement Through E-bidding' विषयक तालिम सञ्चालन गऱ्यो । उक्त तालिममा विभिन्न विभाग, प्रदेशस्थित कार्यालय, महाशाखा तथा इकाईका ३० जना कर्मचारीको सहभागिता थियो । सो तालिममा छ जना प्रशिक्षकमार्फत १८ वटा सत्रहरू सञ्चालन गरिएको थियो ।

केन्द्रले असोज १० देखि १५ गतेसम्म 'Risk Based Supervision and Basel Core Principles' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा बैंकका विभिन्न विभागका अधिकृत स्तरका २४ जना कर्मचारीको सहभागिता थियो । सो तालिममा १७ जना आन्तरिक र बाह्य प्रशिक्षकद्वारा १७ वटा सत्रहरू सञ्चालन गरिएको थियो ।



यसै गरी, असोज १७ देखि १९ गतेसम्म 'Risk Based Internal Audit' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । यस बैंकका विभिन्न विभागमा कार्यरत ३० जना कर्मचारीको सहभागितामा सञ्चालित उक्त तालिममा छ जना प्रशिक्षकमार्फत आठ वटा सेसनहरू सञ्चालन भएका थिए ।

तीनवटै तालिम कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै केन्द्रका निर्देशक आनन्द पौड्यालले तालिमलाई अन्तरक्रियात्मक र उपलब्धिमूलक बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तीन वटै कार्यक्रमको संयोजन गर्नुभएको थियो । केन्द्रका सहायक निर्देशकद्वय हरिगोविन्द महर्जन र सुरेन्द्र केसीले तालिम सञ्चालन गर्नुभएको थियो ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार